आज मिति २०८१ साल पौष २८ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १२४ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपलिका सदस्य | |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | |

श्याम प्रसाद रेग्मी

राम प्रसाद खनाल

# १२४ औ कार्यपालिका बैठकका कार्यसूचीहरु

१. अघिल्लो बैठकको निर्णयहरुको कार्यान्वयन समिक्षा
२. संघीय, समपुरक र विशेष योजना छनौट सम्बन्धमा
३. फोहोरमैला व्यवस्थापन केन्द्र परिषरमा ताल निर्माण गर्ने सम्बन्धमा
४. दोस्रो आवधिक योजना निर्माण सम्बन्धमा
५. नदिजन्य निर्माण सामाग्री उत्खननको (तेस्रो पटक) सूचना प्रकाशन गर्ने सम्बन्धमा
६. LISA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा
७. भीरकोट नगरगान सम्बन्धमा
८. नगरस्तरीय/स्थानीय स्तरीय स्वास्थ्य विमा समिति गठन सम्बन्धमा
९. कार्यस्थलमा आधारित सिप/क्षमता विकास तालिम सम्बन्धमा
१०. खर्च अनुमोदन सम्बन्धमा
११. विविध

# १२४ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

मिति २०८१/०७/२६ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं २

राष्ट्रिय योजना आयोगबाट माग गरिएको प्रस्ताव अनुसार आगामी आर्थिक वर्ष २०८२/०८३ मा संघीय समपुरक अनुदान र विशेष अनुदानतर्फ तपसिलमा उल्लिखित योजना तथा कार्यक्रमहरु संचालन गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | संघीय समपुरक अनुदानतर्फ | ठेगाना |
|---|---|---|
| १. | ढापुकफेदी,पर्वत, सिम्ले ग्रामिण सडक | भीरकोट- ८ |
| २. | ओसेक, डाँडाकोट बानेथोक ग्रामिण सडक | भीरकोट- २ र ३ |
| ३. | गोदिखोला थालेखर्क स्वरेक मैदान ग्रामिण सडक | भीरकोट- ६ र ५ |

| सि.न. | विशेष अनुदानतर्फ | ठेगाना |
|---|---|---|
| १. | खाद्य सुरक्षा कार्यक्रम अन्तर्गत एकिकृत कृषि विकास कार्यक्रम | भीरकोट १-९ |
| २. | फोहोरमैला व्यवस्थापन | भीरकोट १-९ |
| ३. | आँधिखोला तटबन्धन | भीरकोट १,२,४,५,६ |

निर्णय नं ३

भीरकोट नगरपालिकाको पर्यटन प्रवर्द्धन गरी आन्तरिक आम्दानी वृद्धी गर्नको लागि वडा नं ४ स्थित फोहोरमैला व्यवस्थापन केन्द्र परिसरमा शहरी विकास तथा भवन निर्माण कार्यालय कास्कीको सहयोगमा ताल निर्माण गर्ने ।

निर्णय नं ४

भीरकोट नगरपालिका क्षेत्र भएर बहने आँधिखोलाको ओढारे देखि झारखाम समिको बोट नाकाबाट नदिजन्य सामाग्री उत्खनन्, निकासी गर्नको लागि प्रथम, दोस्रोपटक सूचना प्रकाशन गर्दा समेत कुनै बोलपत्र पेश नभएकोले गण्डकी प्रदेश सरकारको आ.व. २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को अनुसूचि-७ (द्रष्टव्य) मा भएको व्यवस्था अनुसार साविकको न्युनतम बोल कबोल अंक रु. १०१२३१५९.६२ को २०% रकम घटाई हुन आउने रकम रु. ८०९८५२७.६९ मा पुनः ठेक्का आह्वान गर्न तेस्रोपटक सूचना प्रकाशन गर्ने।

२०८१।८।२८

निर्णय नं ५

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा भीरकोट नगरपालिकाले ९३.५ अंक प्रास गरेको हुँदा उक्त अंक सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं ६

भीरकोट नगरगान छनौट गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

भाग्योदय माध्यमिक विद्यालयले तयार गरेको नमूना विद्यालयको भौतिक पूर्वाधार विकास योजना कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन (DPR) संशोधनको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय र सिफारिससमेत भई आएकोले प्रतिवेदनमा उल्लिखित लागतमा नबढ्नेगरी विस्तृत परियोजना प्रतिवेदन (DPR) संशोधन गर्न अनुमति प्रदान गर्ने ।

निर्णय नं ८

भीरकोट नगरपालिकाको रोजगार संवाद मन्च संचालन तथा व्यवस्थापन निर्देशिका २०८१, स्वीकृत गर्ने ।

निर्णय नं ९

भीरकोट नगरपालिका रोजगार सेवा केन्द्र, स्थानीय निर्देशक समितिको बैठकबाट कार्यस्थलमा आधारित सीप सम्बन्धी देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्नको लागि सिफारिस भइ आएकोले उक्त तालिम संचालनको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।

देहाय

१) सडक मर्मतसम्भार सम्बन्धी तालिम
२) प्लम्बिङ सम्बन्धी तालिम

निर्णय नं १०

भीरकोट नगरपालिका वडा नं ४ स्थित सरसफाई केन्द्र र वडा नं ५ को सिम्ले जोड्ने झोलुङ्गे पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं ११

भीरकोट नगरपालिकालाई चालु आर्थिक वर्षमा प्रदेश विशेष अनुदान शिर्षकमा भीरकोट पार्क परिसरमा Swimming Pool, Fountain र Changing Room निर्माण कार्यको लागि रु. ४०,००००० विनियोजन भएकोमा उक्त योजनाको लागत अनुमान तयार गर्दा रु. ७५०००३१.०९ बराबरको लागत तयार भएकोले उक्त योजना सम्पन्न गर्न नपुग हुने रकम रु. ३५०००३९.०९ समपुरक कोषबाट भुक्तानी गर्ने ।

निर्णय नं १२

भीरकोट नगरपालिका वडा नं ५ सिम्लेको स्वास्थ्य चौकी भवन निर्माणका लागि विगत आ.व. २०८०/०८१ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र भीरकोट नगरपालिकाको सहलगानीमा भवन निर्माण गर्न रु.४५८६६९४.१५ को लागत अनुमान तयार गरि बोलपत्र आह्वान गर्दा ३२४७९६४.९ मा ठेक्का सम्झौता भई निर्माण कार्य अगाडी बढेकोमा हालसम्म रु.१९८२१०७.८९ मात्र ठेकदारलाई भुक्तानी भएको हुँदा प्राविधिक मुल्याङ्कन अनुसारको नपुग रकम चालु आ.व.को समपुरक कोषबाट भुक्तानी गर्ने।

२०८१।३।२८ २०८१।३।२८